बैठक संख्या : १०१

स्थान : रासी नगरपालिका

मिती: २०७८।११।२५ गते

समय: साझ ५: ०० बजे

यस रासी नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

<u>उपस्थिति</u>

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान माला माया लामा का.वा. अध्यक्ष

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

का.अ. श्री रमेश चौधरी

मिति : २०७८।११।२५ बैठक संख्या :१०१

प्रस्तावहरु

१. पुर्व बैठकको समिक्षा ।
२. प्रदेश समपुरक र विशेष योजना स्वीकृत सम्बन्धमा
३. प्रदेश कृषी अनुदान सम्बन्धमा ।
४. सूचक संकलन र भूमी आयोगको डाटा प्रविष्टको रकम निर्धारण सम्बन्धमा ।
५. आर्थिक सहयोग अनुमोदन सम्बन्धमा ।
६. बुद्धशान्ति क्याम्पसलाई शैक्षिक अनुदान सम्बन्धमा ।
७. लोथर खोलाको आशयको सूचना समर्थन गर्ने सम्बन्धमा ।
८. राष्ट्रिय भूमि आयोगको कार्य प्रगति सम्बन्धमा ।
९. वडा नं. ८ को कार्यालय भवन अगाडीको नालाको थप कार्य सम्बन्धमा ।
१०. कोभिड प्रभावित परिवारलाई राहत वितरण सम्बन्धमा ।
११. सुरक्षित गर्भपतन सेवाको लागि स्वास्थ्य संस्था र स्वास्थ्य कर्मी सुचीकृत गर्ने सम्बन्धमा ।
१२. नगरसभा हल व्यवस्थापन गर्न ज्यालादारीमा सहयोगी कर्मचारी सम्बन्धमा ।
१३. मदनटोल देखि इट्टा भट्टा सम्मको कालोपत्रे सडकको प्राविधिक पक्षको मूल्याङ्कन स्वीकृत सम्बन्धमा
१४. आयूर्वेदिक भवनको ठेक्का दोस्रो न्यूनतम कबुल रकम पेश गर्ने बोलपत्रदाताबाट कार्य गराउने सम्बन्धमा ।
१५. योजना संशोधन सम्बन्धमा ।
१६. सुरक्षा गार्ड राख्ने सम्बन्धमा ।
१७. म.ले.प. सम्बन्धमा ।

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल हुँदा गत बैठकका निर्णयहरु सम्पूर्ण कार्यान्वयन भइ सकेको व्यहोरा समिक्षा गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल हुँदा रासी नगरपालिकामा विभिन्न खहरे खोलाहरु लगायत लोथर खोला पूर्व रासी समेत पर्ने भएकोले यस्ता खोलाहरुले बर्षेनी ठुलो कटान गर्ने र क्रमश धनजन समेत क्षेती गर्ने प्रवल सम्भावना भएको तथा सबैभन्दा दुर्गम स्थान कान्दा सम्म बाटो टयाक निर्माण गर्न अति आवश्यक भएकोले निम्न योजनाहरु प्रदेश समपुरक योजना र प्रदेश विशेष योजनामा माग स्वीकृत ढाँचामा प्रविष्ट गर्न स्वीकृत गरियो ।

प्रदेश समपुरक

१. लोथर खोला नियन्त्रणको लागि थप स्पर निर्माण र पुराना स्पर मर्मत कार्य
२. ढुङ्ग्रे खोला नियन्त्रण तथा तटबन्धन वडा नं. ६,७,८।
३. सुख्खा खोला नियन्त्रण वडा नं. ८ र ९ ।
४. पम्फा खोला नियन्त्रण वडा नं. ७ र ८।
५. कालीटार कान्दा बाटो टयाक खोल्ने कार्य ।

मिति : २०७८।११।२५ बैंठक संख्या :१०१

प्रदेश विशेष योजना

१. ल्यापटप प्रदान नगरिएको सामुदायिक विद्यालयहरुमा ल्यापटप प्रिन्टर प्रदान र बत्ती नभएको विद्यालयलाई सोलारको व्यवस्था सहित ल्यापटप वितरण गर्ने ।
२. भण्डारा अस्पतालको लागि अति आवश्यक भिडिया एक्सरे मेसिन ।
३. वडा नं. १० देखि १३ का कक्षा १० सम्मका विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम
४. रासी ७ मा पर्यटन प्रवर्द्धनको लागि सांस्कृतिक संग्राहालय निर्माण ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा प्रदेश सरकारको सशर्त कार्यक्रममा वडा नं. २ मा पशुपालन प्रवर्द्धन कार्यक्रम रहेकोमा वडा नं. २ का धेरै परिवारको जग्गा र संरचना वडा नं. ३ मा पर्ने भएकोले वडा नं. २ मा बसोबास गरी वडा नं. ३ मा फर्म सञ्चालन गर्नेले समेत उक्त कार्यक्रम माग गर्ने सक्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक सुचक रहेको फर्म भर्न गणकलाई प्रतिपरिवार रु ५० प्रदान गर्ने, वडा नं. २ र वडा नं. ७ मा गरिबी मापन विवरण फारममा भर्न वैकल्पिक उम्मेद्वार १ र २ नम्बरलाई लगाउने अन्य वडाहरुमा गरिबी मापन गर्न छनौट भएका गणकहरुलाई प्रतिपरिवार रु २० थप गरी काममा लगाउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस पालिकाको ज्यालादारीमा (का.स.) सरसफाइ कर्मचारी पदमा काम गर्ने स्व.श्री दुर्गा देवी थनेतको आकस्मिक मृत्यु भएको र निजको परिवार आर्थिक अवस्था निकै कमजोर तथा विपन्न रहेकोले काजक्रिया खर्च रु १५०००। दिने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बुद्धशान्ती कलेजमा छोरी बुहारी मात्र अध्ययन गर्ने भएको तर उक्त कलेजको समग्र व्यवस्थापनको लागि आर्थिक अभाव रहेको भन्ने विद्यालयको मागमा वडाको सिफारिस समेत माग आएकोले उक्त विद्यालयको लागि छुटयाइएको रु २० लाख रकम अनुदानको रुपमा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा लोथर खोलामा नदीजन्य पदार्थ उत्खनन, संकलन र वितरण गर्न ठेक्का आव्हान गरिएकोमा राष्ट्रपति चुरेबाट समेत उत्खनन कार्यान्वयन सहमति लिनु पर्ने भएकोमा उक्त प्रक्रिया अन्तिम चरणमा पुगेकोले ठेक्काको समय निकै कम भएको कारण आसयको सूचना निकालेकोले सोको समर्थन गरी र सो अवधि भित्र राष्ट्रपति चुरेबाट सहमती लिइसक्ने प्रक्रिया द्रुत रुपमा अगाडी बढाउने निर्णय गरियो ।

मिति : २०७८।११।२५ बैठक संख्या :१०१

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग अन्तर्गत सबै वडाहरुको भूमिहिन दलित, भुमिहिन अन्य र अव्यवस्थित बसोबासीको विवरण पर्मेटमा Entry गर्ने कार्य करिव समाप्त भएकोले केही परिवारको कागजात अपूर्ण भएको देखिएकोमा वडासँग तुरुन्तै कागजात माग गरी पूर्ण बनाउने र कानूनी रुपमा प्राप्त भएका फारमहरुलाई दावि विरोध गर्न १५ दिनको सूचना प्रकाशन गर्न वडामा पठाउने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल हुँदा वडा नं. ८ को कार्यालय अगाढीको Drain मा पानी जमी दुर्गन्धित भइ त्यसलाई निकास दिनुपर्ने भएको र सो को व्यवस्था पूर्ण कार्यको cost Estimate नभएकोले र लागत इष्टिमेट बमोजिम करिब रु ५५०००। लाग्ने भएकोले उक्त कार्य अमानतबाट गराउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल हुँदा covid प्रकोपबाट पिडित परिवारको नामावली निम्न बमोजिम प्राप्त भएको र रासी नगरमा जम्मा रु १०३० परिवारलाई प्रति परिवार रु १० हजारले रकम प्राप्त भएकोमा नपुग्ने हुदा सो लाई निम्न बमोजिम गरि वितरण गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | लाभग्राही संख्या |
|---|---|
| १ | १४५ |
| २ | १२५ |
| ३ | १०० |
| ४ | ९१ |
| ५ | १०० |
| ६ | ३४ |
| ७ | ९१ |
| ८ | १४ |
| ९ | ५१ |
| १० | ७६ |
| ११ | ९७ |
| १२ | ६३ |
| १३ | ४३ |
| | १०३० |

निर्णय नं. ११

प्रस्तुत विषयमा सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ तथा नियमावली २०७७ को दफा १४ ले गरेको व्यवस्था अनुसार सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने स्थानीय तह मातहतका स्वास्थ्य संस्था वा स्वास्थ्य कर्मीले स्थानीय तह वा स्थानीय तहले तोकेको निकाय समक्ष निवेदन दिने भन्ने व्यवस्था भएको निवेदन दिने व्यक्ति वा संस्थाले नगरपालिकाको स्वास्थ्य शाखामा निवेदन दिनुपर्ने साथै प्राविधिक मूल्याङ्कन गरि प्रमाणपत्र दिने जिम्मेवारी स्वास्थ्य शाखा प्रमुखलाई दिने निर्णय गरियो ।

मिति : २०७८।११।२५ बैंठक संख्या :१०१

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा रासी नगरपालिकाको नगरसभा हल ठेकेदारबाट हस्तान्तरण भएपछि हललाई व्यवस्थापन गर्न यस अघिको बैठकबाट निर्णय समेत भएको र सोही अनुरुप मिति २०७८।०६।०१ गतेबाट ज्यालादारीमा रासी नगरपालिका वडा नं. २ निवासी खिल प्रसाद गौतमलाई सहयोगी कर्मचारी खटाइएकोमा निज कर्मचारीलाई पारिश्रमिक हाल सम्म पनि भुक्तान नभएको हुँदा निजको तलब रु १५०००। कायम गरि मिति २०७८।०६।०१ देखि नै पारिश्रमिक तलब भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा मदनटोल देखि इट्टा भट्टा सम्मको कालोपत्रे सडक निर्माण गर्न प्रदेश सरकारको समपुरक शिर्षक अन्तर्गत रु १ करोड थप भइ लगत अनुमान तयार गरी Single Stage double Envelope बाट ठेक्का लगाई प्राप्त भएका आठ वटा बोलपत्र दाताहरुको प्राविधिक पक्षको मुल्याङ्कन भइ बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भइ आएको प्राविधिक पक्षको मुल्याङ्कन स्वीकृत गर्ने निर्णय गरियो

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा आयूर्वेक औषधालय वडा नं. ७ का लागि प्रदेश सरकारबाट बजेट प्राप्त भई अनलाइन माध्यामबाट ठेक्का आव्हान गरिएकोमा सारभुत रुपमा प्रभावग्राही ठहर भइ न्यूनतम कबुल रकम पेश गर्ने निर्माण व्यावसायीलाई ठेक्का सम्झौता गर्न आउन पत्राचार गरिएकोमा उक्त निर्माण व्यावसायी सम्झौता गर्न तोकिएको अवधि भित्र नआएको हुँदा उक्त निर्माण व्यावसायीको बोलपत्र जमानत जफत गरि सोही बोलपत्र पेश गर्ने सारभूत रुपमा सबैभन्दा दोस्रो न्यून कबुल रकम पेश गर्ने निर्माण व्यावसायीबाट६ उक्त ठेक्काको कार्य गराउने निर्णय गरियो

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा रासी नगरपालिका वडा नं. ६ को नगरसभाबाट योजना संशोधन गर्दा प्यारीढाप राईटोल प्रतिक्षालय निर्माण संशोधन गरी प्यारीढाप राइ टोल नाला निर्माण हुनुपर्नेमा भुलबस मुडाभार प्रतिक्षालय निर्माण शिर्षक परिवर्तन भइ प्यारीढाप नाला निर्माण हुन गइ फरक परेकोले रासी नगरपालिका वडा नं. ६ को च.नं. २०७३ मिति २०७८।११।२५ को पत्रबाट सच्याउन अनुरोध भइ आएको हुँदा मुडाभार प्रतिक्षालय निर्माणको शिर्षक यथावत कायम गरि प्यारीढाप राईटोल प्रतिक्षालय निर्माण रु १ लाख संशोधन गरी प्यारीढाप राइ टोल नाला निर्माण रु १०००००। कायम गर्ने र वडा नं. ८ को च.नं. ११३२ मिति २०७८।११।२२ को पत्रानुसार समपुरक कोषको रु ३०००००, वडा समिति अवलोकन भ्रमण रु २०००००, भवानी बजार खोला सफा मार्ग पछुवारी चोकबाट आसपास सोलार रु [illegible]।, कृषी जल उपभोक्ता समितिको रु १५००००। र विपद व्यवस्थापन शिर्षकको रु [illegible]। लाई संशोधन गरी उत्तरखण्ड इट्टाभट्टा मार्ग कालोपत्रेमा रु १०,००,०००। कायम गर्ने निर्णय गरियो ।

मिति : २०७८।११।२५ बैठक संख्या :१०१

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा रासी नगरपालिका नगरसभाबाट ३ जना सेक्यूरिटीको दरबन्दी स्वीकृत भइ हाल सम्म विविध कारणले पदपूर्ती हुन नसकेको र कार्यालयको सुरक्षार्थको लागि तत्काल सुरक्षा गार्डको अति आवश्यकता भएको हुँदा सोको लागि प्रक्रियागत रुपमा अघि बढाइ सेक्यूरिटी सर्भिसेज प्रा.लि.बाट दरभाउ माग गरि सो पश्चात प्राप्त भएको कम दररेटमा अत्याधिक सेवा उपलब्ध गराउन सेक्यूरिटी सर्भिस प्रा.लि.सँग सम्झौता गरि कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं ११ मा छलफलहुदा प्रतिवेदनको निम्न दफाहरुमा औंल्याइएको बेरुजु रकमलाई नियमित गरिदन निम्न प्रतिक्रिया सहित अनुरोध गर्ने निर्णय गरियो।

१. दफा २२ पेश्की बाँकी वेरुजु रकम रु.७६९९४१५ सम्बन्धमा छलफलहुँदा सार्बजनिक खरिद ऐन नियमावली बमोजिम ठेकेदारले मोवीलाइजेसन पेश्की पाउने व्यवस्था रहेको र सो पेश्की रकम प्रतिसतले ठेक्का वीलमा कटाउदै जाने र ठेक्का म्याद सम्म स्वतह फछ्यौंट हुने भएको र ठेक्का म्याद रहेको धुलिखेल निर्माण सेवा प्रा.ली. ले लिएको पेश्की रकम रु. ६३१३००० । पेश्की मात्र जनाई बेरुजुको रुपमा नलिन अनुरोध गर्ने ।

२. दफा ४०.४ पोषण कार्यक्रम सम्बन्धमा छलफलहुँदा यो कार्यक्रमले थोरै भएपनि विपन्न वर्गका मातृशिसु स्वास्थ्यमा सकरात्मक नतिजा ल्याएको छ । बितरण गरेको प्रमाणित हुने यथेष्ट प्रमाणरहेको र पेश्की रकम लिएपछी समयमै कार्य सम्पन्न गर्न गराउन सम्बन्धितमा सचेत गराउदै हिनामिना मस्यौट नभएकोले उक्त रु. ३००००० बेरुजु नियमित गर्न अनुरोध गर्ने ।

३. दफा ४२ एम्बुलेन्स खरिद सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी बिरेन्द्र नगरलाई एउटा एम्बुलेन्स अति जरुरी परेको भनी नगर संग सहयोग अनुरोध गरेकोले नगरले रु. ९५०००० । सहयोग गरेको र सो को वील भरपाई लगायत सबै कागजात प्राप्त भएको र एम्बुलेन्स समेत रेडक्रसमा रहेकोले उक्त बेरुजु नियमित गरिदिन अनुरोध गर्ने ।

४. दफा ४३ मा छलफलहुँदा ६ वटा स्वास्थ्य चौकीलाई रु. ५०००० का दरले जम्मा रु. ३००००० प्रदान गरिएको अनुदान रकमको वील भरपाई प्राप्त भएकोले नियमानुसार फछ्यौंटको लागि अनुरोध गर्ने ।

५. दफा ४६ सेनिटरी प्याड सम्बन्धमा छलफलहुदा १७९९९ थान प्याड बितरण हुन बाँकी रही मौज्दात रहेको अभिलेखमा प्रष्ट देखिएकोले सोको बेरुजु रकम रु. ४४०४३५ । नियमित गर्न अनुरोध गर्ने ।

६. दफा ४८ वडा नं ९ रसौली खानेपानी योजना सम्बन्धमा प्रदेश सरकारको विशेष योजनाको कार्य ठेक्का प्रक्रियाबाट गराउनु पर्नेमा कोभिड व्यवस्थापनमा बढी ध्यान गएकोले भुलवस उपभोक्ता समितिबाट कार्य भएको तर हिनामिना मस्यौट नभएको स्थानीय रोजगारी उपलब्ध गरेकोले उक्त बेरुजु रकम रु. २४५४४९४ नियमित गरिदिन अनुरोध गर्ने ।